# बि.ओ.के. क्यापिटल मार्केट लि.
# B.O.K. Capital Market Ltd.

**Kathmandu Plaza, "Y" Block, 2nd Floor, Kamaladi, Kathmandu, Nepal.**
Email: info@bokcapital.com.np, Website:www.bokcapital.com.np
**Phone No : 4168701,4168702, 4168639**


## पाँचौ बार्षिक साधारणसभा सम्बन्धी सूचना

शेयरधनी महानुभाव ज्यू,

यस कम्पनीको मिति २०७७/०७/०५ गते बसेको ६५औं सञ्चालक समितीको बैठकको निर्णय अनुसार पाँचौ बार्षिक साधारणसभा (आर्थिक बर्ष २०७६/७७) निम्न मिति, स्थान र समयमा तपशिल बमोजीमका बिषयहरुमा छलफल गर्न बस्ने भएकोले सम्बन्धित सम्पुर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागी अनुरोध गर्दछु ।

**सभा हुने मिति, स्थान र समय**

मितिः २०७७ साल मसिंर ५ गते (तदअनुसार नोभेम्बर २०, २०२०, शुक्रबार)

स्थान : कम्पनीको कार्यालय, कमलादी, काठमाण्डौ (शेयरधनी महानुभावहरुलाई विद्युतीय माध्यमबाट सहभागी गराउने गरी ।

समयःदिउँसा १.०० बजे ।

**साधारण प्रस्तावहरुः**

१. आर्थिक बर्ष २०७६/७७ को सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूले पेश गर्ने प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आसाढ मसान्तमा समाप्त भएको बर्षको वासलात, २०७६/०४/०१ देखि २०७७/०३/३१ सम्मको नाफा नोक्सान हिसाव तथा सोही अवधीको नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।

३. संचालक समितीले प्रस्ताव गरे अनुरुप संस्थाको चुक्ता पूंजीको रु.२१ करोडको ४.५ प्रतिशतका दरले हुने रु. ९४,५०,०००/- नगद लाभांश (लाभाशंमा लाग्ने कर समेत) स्विकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.ब. २०७७/७८ को लागी लेखापरिक्षण गर्न सञ्चालक समितिको सिफारिस बमोजिम लेखापरिक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमीक तथा नियुक्तीको सर्तहरु तोक्ने ।

**विषेश प्रस्तावहरुः**

१. प्रवन्धपत्र तथा नियमावली संसोधन सम्बन्धी विषेश प्रस्ताव पारित गर्ने ।

क.संस्थाको प्रवन्धपत्रको दफा ४ मा उल्लेख कम्पनीको उदेश्यमा निम्न बमोजीम थप गर्ने ।

नेपाल धितोपत्र ऐन २०६३ र सामूहिक लगानी कोषको व्यवस्थापक तथा सामूहिक लगानी कोषको डिपोजिटरीको कार्य गर्ने ।

ख.सस्थाको नियमावलीको नियम २७(२) मा निम्न बमोजीम थप गर्ने ।

स्वतन्त्र संचालकको संख्या प्रचलित कानुन बमोजीम रहनेछ ।

२. विशेष प्रस्तावहरुको सशोधनमा नेपाल धितोपत्र बोर्ड वा अन्य नियमनकारी निकायहरुबाट कुनै थपघट वा संशोधन गर्न निर्देशन भएमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने निर्णय गरी सभावाट पारित गर्ने।

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

बार्षिक प्रतिवेदन प्राप्त गर्न तथा साधारणसभा सम्बन्धी अन्य जानकारीको लागी कम्पनीको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौ । प्रोक्सीका लागी साधारणसभा हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको कार्यालय काठमाण्डौ प्लाजा, कमलादी, काठमाण्डौमा पेश गरिसक्नु पर्नेछ । साथै शेयरधनी वाहेक अन्यले प्रोक्सी लिन नपाउने सवैमा जानकारी गराईन्छ ।

आज्ञाले,
कम्पनी सचिव